बेलका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

प.स.०८२/८३
च.न. २११

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा शाखा
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

मितिः २०८३।०१।११

श्री संस्थागत विद्यालयहरु
बेलका नगरपालिका, उदयपुर

**विषय :– नियमानुसार छात्रवृत्ती प्रदान गरिदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा यस बेलका नगरपालिका, रामपुर, उदयपुर स्थित सञ्चालित संस्थागत विद्यालयहरुले शिक्षा नियमावली २०५९ बमोजिम विद्यार्थी भर्नाको समयमा न्यूनतम १० प्रतिशत छात्रवृत्ती प्रदान गर्नुपर्ने कुरा अवगत नै छ। यसै सन्दर्भमा बेलका नगरपालिकाको शिक्षा ऐन २०८२ को परिच्छेद ११, दफा ६७ र नगर कार्यपालिकाबाट स्वीकृत संस्थागत विद्यालय छात्रवृत्ती मापदण्ड २०८१ बमोजिम विद्यालयले विद्यार्थीहरुलाइ छात्रवृत्ती प्रदान गर्नुपर्ने भएकाले यसैसाथ संलग्न विद्यालयगत कोटामा नघट्ने गरी आवश्यक सूचना सम्प्रेषण गरी निवेदनको अवसर प्रदान गरी बैशाख २१ गतेभित्र नियमानुसार जेहेन्दार, जनआन्दोलनका घाइते तथा सहिद परिवार, जनजाति, दलित र अपाङ्ग छात्रवृत्ती प्रदान गरिदिनुहुन आदेशानुसार अनुरोध छ।

पुनश्च: मापदण्डले तोकेबमोजिमको प्रतिशत अनुसार विपन्न छात्रवृत्ती वडाको सिफारीसको आधारमा विद्यालय छात्रवृत्ती व्यवस्थापन समिति र नगर स्तरीय छात्रवृत्ती नगर छात्रवृत्ती व्यवस्थापन समितिले निर्णय गरे बमोजिम प्रदान गर्नुपर्नेछ।

०८३/१/११
हरि प्रसाद कट्टेल
शिक्षा अधिकृत

हरि प्रसाद कट्टेल
शिक्षा अधिकृत

बेलका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर

कोशी प्रदेश, नेपाल

प.स.०८२/८३

च.न.

मिति: २०८३।०१।११

सूचना । सूचना ।। सूचना ।।।

**विषय :– छात्रवृत्तीका लागि दरखास्त पेश गर्ने सम्बन्धमा।**

**जब**विद्यालयहरुले शिक्षा नियमावली २०५९ बमोजिम विद्यार्थी भर्नाको समयमा न्यूनतम १० प्रतिशत छात्रवृत्ती प्रदान गर्नुपर्ने भएकाले बेलका नगरपालिकाको शिक्षा ऐन २०८२ को परिच्छेद ११, दफा ६७ र नगर कार्यपालिकाबाट स्वीकृत संस्थागत विद्यालय छात्रवृत्ती मापदण्ड २०८१ बमोजिम नगर स्तरीय छात्रवृत्तीका लागि इच्छुक विद्यार्थीलाइ मापदण्ड बमोजिमको छात्रवृत्ती आवेदन फाराम यस कार्यालयबाट प्राप्त गरि मिति २०८३।०१।२१ गतेभित्र यस कार्यालयमा पेश गरि तोकिएको मितिमा सञ्चालित हुने परीक्षामा सहभागी भइ नगर स्तरीय छात्रवृत्ती व्यवस्थापन समितिको निर्णय अनुसार उत्कृष्टताका आधारमा छात्रवृत्ती प्राप्त गर्नुहुनका लागि आदेशानुसार यो सूचना सूचित गरिन्छ।

०८३/०१/११

हरि प्रसाद कट्टेल

शिक्षा अधिकृत

हरि प्रसाद कट्टेल
शिक्षा अधिकृत

बेलका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा शाखा
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल

# Belaka Municipality Level Scholarship Percentage Division 2083

| | SchoolName | Head Teacher Name | Head Teacher Contact Number | Total | total seat | M. I.34% | School Level 66% | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | Jehendar | Bipanna | Janajnati | Dalit | Apanga | sahid $ b epatta | Total |
| 5 | Apex Academy English School | Yubaraj Aacharya | 9861165175 | 122 | 12 | 4 | 3 | 3 | 1 | 1 | | | 8 |
| 2 | Bal Vidhya Mandir English Boarding School | BALIIT RAI | 9819998002 | 518 | 52 | 18 | 11 | 14 | 4 | 3 | 1 | 1 | 34 |
| 5 | Belaka Adarsha Sishu Sadan | Maheshwor Khadka | 9827742747 | 193 | 19 | 6 | 4 | 5 | 2 | 1 | | 1 | 13 |
| 2 | Belka Education Foundation Pvt. Ltd. | Kabindra Pradhan | 9814751684 | 103 | 10 | 3 | 2 | 3 | 1 | 1 | | | 7 |
| 1 | Buddhilal Memorial Ebs | Gopal Chaudhary | 9816745319 | 34 | 3 | 1 | 1 | 1 | | | | | 2 |
| 3 | Glory English Boarding School | Manisha Thami | 9816366818 | 25 | 2 | 1 | | 1 | | | | | 1 |
| 3 | Goshan Point English Boarding School | UPENDRA CHAUDHARY | 9811707873 | 260 | 26 | 9 | 6 | 7 | 2 | 1 | | 1 | 17 |
| 2 | Himshikhar Samudayik English School | Mukesh B.K. | 9868198441 | 181 | 18 | 6 | 4 | 5 | 1 | 1 | | 1 | 12 |
| 5 | Little Stars Academy | Rabin K.C. | 9865272114 | 204 | 20 | 7 | 4 | 5 | 2 | 1 | | 1 | 13 |
| 9 | Morning Glory English Boarding School | Ashok Tamang | 9805944126 | 606 | 61 | 21 | 14 | 16 | 4 | 2 | 2 | 2 | 40 |
| 3 | Morning Star Academy | Urmila Rai | 9816795081 | 51 | 5 | 2 | 1 | 1 | 1 | | | | 3 |
| 2 | Morning Times Academy | Yubraj Shrestha | 9861575555 | 93 | 9 | 3 | 2 | 3 | 1 | | | | 6 |
| 4 | North Star English Boarding School | Nikil Basnet | 9819064511 | 295 | 30 | 10 | 7 | 8 | 2 | 1 | 1 | 1 | 20 |
| 9 | Rampur Public Academy | lalit rai | 9817786153 | 467 | 47 | 16 | 10 | 13 | 3 | 2 | 1 | 2 | 31 |
| 6 | Shree Gauri Suryodaya English Boarding School | GANGA SHRESTHA | 9862939770 | 210 | 21 | 7 | 5 | 6 | 1 | 1 | | 1 | 14 |
| 1 | Tapeshwari Marigold English School | Bibek Chaudhary | 9807712810 | 144 | 14 | 5 | 3 | 4 | 1 | | | 1 | 9 |
| 2 | Udayapur Little Heaven English Secondary School | Sharmila Neupane | 9805332326 | 268 | 27 | 9 | 6 | 7 | 2 | 1 | 1 | 1 | 18 |
| 4 | Unique Shishu Sadan Pvt. Ltd. | Lekhnath Subedi | 9815387332 | 465 | 47 | 16 | 10 | 12 | 3 | 2 | 2 | 2 | 31 |
| 5 | Yoban Basic School | Madan Kirati | 9840984956 | 98 | 10 | 3 | 2 | 3 | 1 | | | 1 | 7 |
| | | | | 4337 | 433 | 147 | 95 | 117 | 32 | 18 | 8 | 16 | 286 |

हरि प्रसाद [illegible]
शिक्षा अधिकृत

# बेलका नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा,
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा शाखा रामपुर, उदयपुर कोशी प्रदेश, नेपाल

पत्र सं :
चलानी नं.:

**छात्रवृत्ति आवेदन फारम**

श्रीमान अध्यक्षज्यू,
नगर छात्रवृत्ति व्यवस्थापन समिति,
बेलका नगरपालिका रामपुर उदयपुर
महोदय,

म ............................................. जिल्ला ........................ नगरपालिका ............................ वडा नं. ............ निवासी श्री ..................................... का छोरा/ छोरी श्री ........................................ बेलका नगरपालिकाको **संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन मापदण्ड २०८२** को सम्पूर्ण सर्तहरूको अधीनमा रही तलका विवरण भरी छात्रवृत्ति पाउनका लागि आवश्यक कागजातका साथ यो निवेदन पेश गर्दछु।

**विवरण**

क. विद्यार्थीको नाम थर ................................................ ख. जन्म मिति ......................................
ग. जन्मदर्ता नम्बर ........................... घ. हाल अध्ययनरत विद्यालयको नाम ...............................
ङ. ठेगाना ........................................ च. अध्ययनरत कक्षा ....................................................
छ. आवेदन दिन चाहेको कक्षा ............ ज. प्राप्ताङ्क जीपीए .................... वा प्रतिशत .......................
झ. छात्रवृत्तिमा पढ्न चाहेका कुनै तीनवटा विद्यालयको नाम र ठेगाना
१...................................... २........................................... ३.....................................
ञ. बाजेको नाम थर ...................................... ट. स्थायी ठेगाना ............................................
ठ. बाबुको नाम थर ......................................... ड. बाबुको नागरिकताको नम्बर ..........................
ढ. आमाको नाम ............................................. ण. आमाको नागरिकताको नम्बर .......................
त. बाबुआमाको स्थायी ठेगाना ......................... थ. बाबुको नागरिकता जारी मिति र जिल्ला ...........
द. आमाबुबाको पेसा/ व्यवसाय ......................... ध. कार्यालय भए नाम .................. पद .........
न. आमा बुबाको वार्षिक अनुमानित आम्दानी रु. .......... प. अपाङ्गताको वर्गीकरण ..........................
फ. नागरिकता नम्बर ................................ ब. जारी मिति र जिल्ला ...................................
भ. मतदाता परिचयपत्र नम्बर ........................ म. जिल्ला ..................... क्षेत्र .....................

आफूले कुन समूहबाट आवेदन दिन चाहेको हो कुनै एक कोठामा रेजा चिन्ह लगाउनुहोस्।

क) नगर स्तरीय छात्रवृत्ति ख) जेहनदार ग) विपन्न घ) महिला ङ) अपाङ्गता
च) दलित छ) जनजाति ज) जनआन्दोलनका घाइते बेपत्ता तथा सहिद परिवार

उल्लेखित विवरण ठिक साँचो हो। झुठा भएमा नियमानुसार सजाय सहौँला बुझाउँला भनी कबुलियत गर्नेको

दस्तखत
नाम थर ...................................... पद ......................... मिति ........................ विद्यालयको छाप

०८२/०९/११

बेलका नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा शाखा रामपुर, उदयपुर कोशी प्रदेश

## संस्थागत विद्यालय छात्रवृत्ति मापदण्ड २०८१

स्तावनाः

संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यन्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मु बनाउन ,शिक्षामा सबैको सहज एवं समतामूलक पहुँच र निर्भरता सुनिश्चित गर्न, अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७ को दफा २७ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को भावनालाई आत्मसात गर्दै बेलका नगरपालिका भि संचालित नीजि लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत संचालित विद्यालयले सेवामुलक र लोक कल्याणका शिक्षाका लागि योगदान गर्ने कार्यको लागि छात्रवृत्तिको संचालन र व्यवस्थापन गर्न बेलका नगरपालिकाको शिक्षा ऐन २०७४ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ (ज) को अधिकार प्रयोग गरी बेलका नगर कार्यपालिकाले यो मापदण्ड ज गरिएको छ।

### परिच्छेद-१

**१. संक्षिप्त नाम र प्रारम्भः**

क.यस मापदण्डको नाम" संस्थागत विद्यालय छात्रवृत्ति मापदण्ड, २०८२" रहेको छ।

ख. यो मापदण्ड तुरुन्त लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा

क."ऐन" भन्नाले अनिवार्य तथा निशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ सम्झनुपर्छ।

ख."संस्थागत विद्यालय" भन्नाले नेपाल सरकारवाट नियमित रुपमा अनुदान नपाउने गरी कम्पनी/गुठी ऐनद्वारा दर्ता भइ अनुमति स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्दछ।

ग."छात्रवृत्ति" भन्नाले विद्यार्थीको मासिक पढाइ शुल्क र वार्षीक शुल्क तथा नेपाल सरकार र विद्यालयले उपलब्ध गराएको अ सहुलियत तथा सुविधा समेतलाइ बुझाउँदछ।

घ. "निशुल्क शिक्षा" भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकबाट कुनै पनि शुल्क असु नगरी दिइने शिक्षालाइ सम्झनुपर्दछ।

ङ "नगरपालिका" भन्नाले बेलका नगरपालिका सम्झनुपर्दछ।

च. "नगर प्रमुख " भन्नाले बेलका नगरपालिकाको नगर प्रमुख सम्झनुपर्दछ।

छ."नगर छात्रवृत्ति व्यवस्थापन समिति" भन्नाले बेलका नगरपालिका भित्र आधारभूत तथा माध्यमिक शिक्षाका लागि प्रदान गर्न छात्रवृत्तिको नीति निर्धारण तथा व्यवस्थापन गर्न गठित समितिलाइ सम्झनुपर्दछ।

छ."विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति" भन्नाले विद्यालय तहमा प्रदान गरिने सवै प्रकारका छात्रवृत्तिको नीति निर्धारण त व्यवस्थापन गर्न गठित समितिलाइ सम्झनु पर्दछ।

### परिच्छेद २

**३. उद्देश्य**

१. यस मापदण्डको उद्धेश्यहरु देहाय बमोजिम रहेका छन

क.संस्थागत विद्यालयबाट प्रदान गर्ने छात्रवृत्ति पारदर्शी बनाउने,

ख.छात्रवृत्तिलाई शैक्षिक उद्देश्य हासिल गर्ने गरी परिणाममुखी बनाउने,

ग. छात्रवृत्ति कार्यक्रमलाइ लक्षित समूहको पहुँच हुने गरी व्यवस्थित गर्ने,

घ.छात्रवृत्ति वितरणका लागि स्पष्ट आधारहरू तोकी छात्रवृत्ति वितरणलाई पारदर्शी बनाउने।

हरि प्रसाद कट्टेल
शिक्षा अधिकृत

ङ. विभिन्न सरकारी निकाय, सङ्घ संस्था, व्यक्तिबाट विद्यार्थीका लागि सोझै वा विद्यालयमार्फत उपलब्ध गराइने छात्रवृत्ति शैक्षिक उद्देश्य हासिल गर्ने गरी सदुपयोग गर्ने ।

च. छात्रवृत्ति व्यवस्थापन तथा वितरणमा संलग्न हुने संस्था एवम् विभिन्न तहका पदाधिकारीहरुको भूमिका तथा जवाफदेहि गर्ने ।

छ. सबै प्रकारका छात्रवृत्ति वितरणमा हुन सक्ने दोहोरोपनाको अन्त्य गर्ने ।

ज.छात्रवृत्ति वितरणको अभिलेख व्यवस्थापन र प्रतिवेदन सम्प्रेषणलाई प्रभावकारी र व्यवस्थित बनाउने ।

**परिच्छेद ३**

**संस्थागत व्यवस्था**

४. नगर छात्रवृत्ति व्यवस्थापन समिति

१. बेलका नगरपालिकाका विद्यालयका विद्यार्थीहरुलाई प्रदान गरिने सबै प्रकारका छात्रवृत्तिको नीति निर्धारण संचालन त व्यवस्थापन गर्न तथा देहाय बमोजिमको नगर छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ ।

क.नगर प्रमुख वा निजले तोकेको व्यक्ति - अध्यक्ष

ख.सामाजिक बिकास समिति संयोजक - सदस्य

ग.विद्यालयका अभिभावकहरु मध्येबाट नगर प्रमुखले मनोनित गरेको १ जना - सदस्य

घ. निजी तथा आवासिय विद्यालयको संघ/ संगठनको प्रतिनिधि २ जना - सदस्य

ङ. स्थानीय तहको शिक्षा अधिकृतको सिफारिसमा संयोजकले तोकेको १ जना – सदस्य

च.शिक्षा शाखा प्रमुख- सदस्य सचिव

२.समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम रहनेछ ।

क. बिभिन्न छात्रवृत्ति छनोट तथा वितरणको समन्वय गर्ने

ख. छात्रवृत्ति सञ्चालन तथा वितरण सम्बन्धी नीति, योजना तयार गरी कार्यान्वयन, अनुगमन तथा निर्देशन गर्ने

ग.छात्रवृत्ति सम्बन्धी अध्ययन अनुसन्धान गर्ने गराउने

घ. छात्रवृत्ति कोष स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्ने

**५. विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति**

१. संस्थागत विद्यालयमा पारदर्शी रुपमा छात्रवृत्ति वितरण सम्बन्धी कार्य गर्न विद्यालयले निम्न अनुसार सरोकारवालाहरुको सहभागितामा एक विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्नुपर्नेछ ।

क.प्रधानाध्यापक - संयोजक

ख.वडा शिक्षा समितिको १ जना प्रतिनिधि - सदस्य

ग.शिक्षा शाखाको १ जना प्रतिनिधि - सदस्य

घ.वि.व्य.स. मा रहेको अभिभावक प्रतिनिधि २ जना - सदस्य

उक्त समितिको बैठक सम्बन्धी मापदण्ड र काम कर्तव्य तथा अधिकार समिति आफैले निर्धारण गर्नेछ ।

**परिच्छेद -४**

**६. छात्रवृत्ति कोटा निर्धारण तथा वितरण**

१.छात्रवृत्ति कोटा निर्धारण गर्दा अघिल्लो शैक्षिक सत्रको विद्यालयको शैक्षिक तथ्यांक अनुसारको विद्यार्थी संख्याल आधार मान्ने

हरि प्रसाद कट्टेल
शिक्षा अधिकृत

२. प्रारम्भिक वालविकास देखि १२ कक्षासम्मका कुल विद्यार्थी संख्याको देहाय बमोजिमका विद्यार्थीहरुलाइ छात्रवृ वितरण गर्न कोटा निर्धारण गर्ने

क.५०० जना विद्यार्थी भएमा १०%    ख.५०१ देखि ८००जना विद्यार्थी भएमा १२%

ग.८०० भन्दा माथि १५%

३. प्रत्येक विद्यालयको कुल छात्रवृत्ति कोटामध्ये ६६% विद्यालय छात्रवृत्ति, विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति गरि वितरण गर्ने र ३४% नगरपालिकाको छात्रवृत्ति नगर छात्रवृत्ति समितिले छनोट गरी प्राप्त नतिजाका आधार विद्यालयले वितरण गर्नेछ ।

**७. छात्रवृत्ति वितरण प्रक्रिया**

१.संस्थागत विद्यालयहरुले प्रत्येक कक्षामा प्रथम र द्वितीय हुने विद्यार्थीलाई क्रमश सत प्रतिशत र पचास प्रतिशत शुल मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

२. विद्यालयले प्रदान गर्ने ६६ प्रतिशत छात्रवृत्तिमा सो ६६ प्रतिशतलाई १०० प्रतिशत मानी

जेहेन्दार ३३%,

विपन्न ४०%

जनजाति १०%

दलित ५%

जनआन्दोलनका घाइते ३%

शहिद २%

वेपत्ता परिवार २%

अपाङ्ग ३% र

मधेश आन्दोलनका घाइतेका सन्ततिका लागि २% छुट्टयाउनु पर्नेछ ।

३. प्रत्येक आरक्षित समूहमा ५० प्रतिशत कोटा छात्राहरुको लागि सुरक्षित गर्नुपर्नेछ । एक विद्यार्थीले एक आरक्षण कोटाबाट मात्र आवेदन दिन पाउनेछ । कुनै कोटा रिक्त भएमा वा उत्तीर्ण हुन नसकेमा छात्रवृत्ति वितरण समितिको निर्णय बमोजिम विपन्न कोटामा परिवर्तन गर्न सकिनेछ । विपन्न कोटाको छात्रवृत्तिको लागि प्राप्त आबेदनका आधारमा नगर छात्रवृत्ति व्यवस्थापन समितिले छनोटको निर्णय गर्न सक्नेछ ।

४. छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीहरु उपल्लो कक्षा र तहसम्मका लागि योग्य हुनेछन तर त्यस्ता विद्यार्थीहरुले तोकिएको परीक्षा वा छनौट प्रक्रियामा प्रत्येक वर्ष सहभागी हुनुपर्नेछ ।

५. छात्रवृत्तिका लागि निवेदन दिँदा निवेदन साथ विपन्नताको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस र अन्य समावेशी वर्गको हकमा सम्वन्धित निकायको परिचयपत्र वा सिफारिश पत्र पेश गर्नुपर्नेछ ।

**८. छात्रबृत्ति छनौट विधिः**

१. विद्यालय र नगरपालिकाले आफ्नो छात्रबृत्ति बैंकमा रहेका छात्रवृत्ति कोटामा छनोट गर्न शैक्षिक सत्र शुरु हुनु एक महिना अघि कम्तिमा २१ दिनको सूचना प्रकाशन गरी छात्रवृत्ति व्यवस्थापन समितिको निर्णय अनुसार लिखित वा मौखिक परीक्षा सञ्चालनको तयारी गरी प्रत्येक शैक्षिक सत्रमा विद्यार्थी भर्ना हुने समय सकिनु अगावै छात्रवृत्ति छनौटको नतिजा प्रकाशन गरी वितरण वा कार्यान्वयन सम्पन्न गर्नु पर्नेछ ।

२. नगर स्तरिय ३४ प्रतिशत छात्रवृत्ति कोटामा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुले तोकिएको ढाँचामा आबश्यक सबै कागजात संलग्न राखी तोकिएको समयमा नगरपालिकामा निवेदन दिन सक्नेछन् ।

३. विद्यालय स्तरिय ६६ प्रतिशत छात्रवृत्ति कोटामा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुले तोकिएको ढाँचामा आबश्यक सबै कागजात संलग्न राखी विद्यालयमा निवेदन दिन सक्नेछन् ।

४. विद्यालयमा छात्रवृत्तिको लागि निवेदन दिएका विद्यार्थीहरुको छात्रवृत्ति छनोट समितिले आबश्यकता अनुसार लिखित परीक्षा वा अन्तर्वार्ता संचालन गरी छात्रवृतिका लागि योग्यताक्रमको आधारमा विद्यार्थीको सूची तयार गर्नु पर्नेछ ।

हरि प्रसाद कट्टेल
शिक्षा अधिकृत

४. छात्रवृत्तिमा छनोट भएको सूचना सम्बन्धित अभिभावक र विद्यार्थीलाई लिखित सुचना प्रकाशन गरि बैशाखको पहिलो हप्ता भित्र अनिवार्य जानकारी दिनुपर्ने छ। त्यस्तो सुचना नगरपालिकाको र विद्यालयको सुचना पाटिमा अनिवार्य टासँ गर्नुपर्नेछ। संभव भएसम्म वेभ साइटमा समेत राख्ने व्यवस्था मिलाउनुपर्नेछ।

५. विद्यालय छोडेको कारणले वा अन्य कारणले छात्रवृत्तिको कोटा रिक्त भएमा विद्यालयतर्फ वा नगर छात्रवृत्ति बैंकतर्फ मध्ये जुन रिक्त हो सो कोटाको प्रक्रिया बमोजिम पुरा गर्नु पर्ने छ।

६.विद्यालयले शैक्षिक सत्र शुरु भएको ३ महिना भित्र विद्यार्थीको नाम, कक्षा, छात्रवृत्तिको किसिम उल्लेख गरी नगरपालिकामा विवरण पठाउनु पर्ने छ।

## परिच्छेद-५
## विविध

**९. छात्रवृत्ति वितरण अनुगमनः**

१. विद्यालयबाट प्रदान गरिने छात्रवृत्तिको अनुगमन नगर छात्रवृत्ति व्यवस्थापन समितिले गरी आबश्यक सुझाव तथा निर्देशन दिनेछ। तोकिए अनुसार छात्रवृत्ति उपलब्ध नगराउने विद्यालयलाई सचेत गराउने, जरिवाना गर्ने, सरकारी सुविधा रोक्का गर्ने र विद्यालय अनुमति खारेज गर्ने सम्मका कार्वाही गरिने छ।

**१०.जिम्मेवार हुनुपर्नेः**

क.स्थानीय तह तथा बिद्यालय तहको छात्रबृत्तिको व्यवस्थापनका लागि बैठक बोलाउने कोटा एकिन गर्ने परीक्षा संचालन गर्ने नतिजा तथा सिफारिस लगायतका काम समयमै सम्पन्न गर्नका लागि नगर स्तरमा शिक्षा शाखा तथा विद्यालय स्तरमा विद्यालय जिम्मेबार रहने छ।

ख. यस मापदण्डमा लेखिएको विषयबस्तुका अतिरिक्त अन्य बिषयहरु थप गर्न आबश्यक देखिएमा स्थानीय तहको छात्रबृत्ति व्यबस्थापन समितिको निर्णय बमोजिम आफ्नो क्षेत्रको लागि विषयबस्तु थप तथा हेरफेर गर्न सक्ने छ।

**११.पुनरावेदन दिन सकिनेः** विद्यालय छात्रबृत्ति वितरण समितिले कुनै कारण जनाई विद्यार्थीलाई छात्रवृत्तिबाट बन्चित गराएमा सम्बन्धित विद्यार्थी वा नीजको अभिभावकले सो को जानकारी पाएको मितिले सात दिन भित्र स्थानीय तहको छात्रबृत्ति व्यबस्थापन समिति समक्ष पुनरावेदन गर्न सक्ने छ।

**१२. खारेजी र बचाउः**

(क) यो मापदण्ड जारी हुनु पूर्व संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ बमोजिम भए गरेका कार्यहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

हरि प्रसाद कट्टेल
शिक्षा अधिकृत